# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८३।०३।०३ गते।

# प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी वर्क बहादुर रोकायासमेत रहेको गैरकानुनी लाभ वा हानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला बझाङ्ग, खप्तडछान्ना गाउँपालिकाका तत्कालीन अध्यक्ष वर्क बहादुर रोकाया समेतमा प्रतिवादीहरु उपर आ.व २०७६/०७७ मा निर्माण भइसकेको सिम्लका घट्ट सिंचाई कुलो योजनाको आ.व.२०७७/०७८ मा वार्षिक योजनामा नभएको आयोजनाको लागत अनुमान, सम्झौता पत्र, विल, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन लगायतका गलत लिखत तयार गरी गराई रकम हिनामिना गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो रु. १४,०८,८१७/- (चौध लाख आठ हजार आठसय सत्र रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिबाना सजाय हुन साथै सोही ऐनको दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिबाना हुन तथा सोही ऐनको दफा १२ बमोजिमको कसुरमा सोही ऐनको दफा १२ बमोजिमको कैद र जरिबानाको सजायसमेत हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८२।०४।२३ को फैसलाबाट आंशिक सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८३।०३।०३ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने